# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ३ मण्डनदेउपुर, माघ २० गते, २०७६ साल संख्या ७


## भाग १

# मण्डनदेउपुर नगरपालिका, महादेवस्थान काभ्रेपलाञ्चोकको सूचना

यस नगरपालिकाको छैटौं नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मण्डनदेउपुर नगरपालिका ,स्थानीय शिक्षा ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन

*नगरसभाबाट स्वीकृत मिति :२०७६।१०।०७*

*प्रमाणित मिति :२०७६।१०।२०*

**प्रस्तावना** : मण्डनदेउपुर नगरपालिका ,स्थानीय शिक्षा ऐन, २०७४ लाई संशोधन गर्न बान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मण्डनदेउपुर नगरपालिका, स्थानीय शिक्षा ऐन (दोस्रो संशोधन), २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मण्डनदेउपुर नगरपालिका ,स्थानीय शिक्षा ऐन, २०७४** (यसपछि मूल ऐन भनिएको) को

२(क) **दफा २ को (त) पछि देहाय अनुसारको (थ) थप गर्ने :**

**(थ)** बिद्यालय ब्यवस्थापन समिति सदस्य भन्नाले निर्बाचित, मनोनित र पदेन सदस्य तथा पदाधिकारी समेतलाई सम्भनुपर्छ ।

२(ख) **दफा १९ को उपदफा (१)(क) :समितिका सदस्यहरुले (ख) र (घ) मध्येबाट छानेको ब्यक्ति - अध्यक्ष ,**

**को सट्टा देहाय अनुसार संशोधन गर्ने :**

**(१)(क)** समितिका सम्पूर्ण सदस्यहरुले (ख),(घ) र (ङ) मध्येबाट छानेको ब्यक्ति - अध्यक्ष

२(ग) **दफा २५ को उपदफा (२) (ख) पछि देहाय अनुसारको उपदफा (२) (ख) १.थप गर्ने :**

**(२)(ख) १.** उपदफा (२) (क) र (ख) अनुसारको योग्यता पूरा भएको शिक्षक उपलब्ध नभएमा सो भन्दा तल्लो योग्यता पूरा भएको बरिष्ठतम शिक्षक तथा स्थायी शिक्षक नभएमा अस्थायी, करार वा राहत शिक्षकलाई निमित्त प्रधान अध्यापकमा नियुक्ति गर्न सकिनेछ ।

**२(घ) दफा २६ को उपदफा (३) पछि देहाय अनुसारको उपदफा (४) थप गर्ने :**

(४) देहायको अवस्थामा शिक्षा समितिको सिफारिसमा जुनसुकै बखत नगरपालिकाका प्रमुखले शिक्षकको सरुवा गर्न सक्नेछ, तर यसरी गरिएको सरुवाको ३(तीन) महिना भित्रमा नगरकार्यपालिकाबाट अनुमोदन गराउनु पर्नेछ ।

(क) रिक्त दरबन्दीमा नगरपालिका भित्रका बिद्यालयहरुमा कार्यरत शिक्षकहरुले सरुवा हुन चाहेमा ।

(ख) स्थायी शिक्षक पदस्थापन गर्ने अवस्थामा नगरपालिका भित्रका बिद्यालयहरुमा कार्यरत शिक्षकहरुले सरुवा हुन चाहेमा ।

(ग) शैक्षिक सत्रका बीचमा दरबन्दी मिलान गर्न आवश्यक भई दरबन्दी मिलान गरी शिक्षक सरुवा तथा पदस्थापन गर्नु परेमा ।

(घ) शिक्षकलाई प्रोत्साहन तथा कारबाही गर्नु परेमा ।

(ङ) बिद्यालयहरुले दरबन्दी मिलान तथा कार्यरत शिक्षकलाई सरुवा गर्न सिफारिस गरेमा ।

(च) दरबन्दी नपुग हुने बिद्यालयमा दरबन्दी मिलान गरी शिक्षक ब्यवस्थापन गर्नु परेमा ।

**२(ङ) दफा ४४ को उपदफा (३) पछि देहायको प्रबिन्धात्मक वाक्यांश थप गर्ने :**

तर कार्यपालिकाबाट मापदण्ड स्वीकृत नभएसम्मका लागि परीक्षा समितिले निर्धारण गरेको मापदण्डका आधारमा परीक्षा सञ्चालन हुनेछ ।

**२(च) दफा ४४ को उपदफा (३) पछि देहायको उपदफा (३) १. थप गर्ने :**

**(३) १.**कक्षा ५ र ८ तथा नगर शिक्षा समितिले आवश्यक ठानी निर्णय गरेको अन्य कक्षाहरुको परीक्षा सञ्चालन गर्न शिक्षा शाखा प्रमुखको अध्यक्षतामा नगर शिक्षा समितिका सदस्य र शिक्षकहरुको समेत प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले नगरस्तरीय परीक्षा समिति गठन गर्नेछ ।

आज्ञाले,
(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत